***शिर्षक:*** **आय विवरण डे-०३ (प्राकृतिक व्यक्ति र निकायको लागि) पेश गर्ने प्रक्रिया (*INCOME TAX RETURN (D-03)*)**

**Purpose (प्रयोजन):** आयकर ऐन, २०५८ को दफा ९६ अनुसार करदाताहरुले आय वर्ष समाप्त भएको तीन महिनाभित्रमा सो वर्षको आय विवरण विभागले तोकेको स्थान र ढाँचामा दाखिला गर्नु पर्नेछ । यसको प्रमुख उद्देश्य करदाताहरुलाई स्वयं कर निर्धारण फाराम (डे-०३) दाखिला गर्ने तरिका निर्धारण गर्नु हो ।

पूर्वानुमानित आय विवरण र कारोबारको आधारमा विवरण पेश गर्ने प्राकृतिक व्यक्ति वाहेकका करदाताले स्वयं कर निर्धारण गरी आय विवरण फाराम (डे-०३) बुझाउँदा यो प्रकृया लागु हुन्छ।

**Responsibilities (जिम्मेवारी):** करदाताले आर्थिक वर्ष समाप्त भएपछि स्वयं कर निर्धारण गरी आय विवरण फाराम (डे-०३) भरी आफैं वा कर अधिकृतबाट रुजु (Verify) गराउनु पर्दछ।

**PROCEDURE (प्रकृया):**

1.1 आय विवरण (डे-०३) भर्नका लागि आन्तरिक राजस्व विभागको वेभसाइट https://ird.gov.np/ खोली Taxpayer portal मा क्लिक (Click) गर्नुपर्छ ।

1.2 Taxpayer Portal लिंकमा क्लिक (Click) गरेर **'Taxpayer Portal'** मेनु (Menu) खोल्नु पर्दछ ।

1.3 **Income Tax Menu** को सँगै रहेको **'+'** मा क्लिक (Click) गरेर **Income Tax Menu** खोल्नुहोस्।

1.4 **D-03 Return Entry** मा क्लिक (Click) गर्नुहोस् र क्लिक (Click) गरेपछि तलको स्क्रिन (Screen) देखापर्दछ:




**माथि देखिएको स्क्रिनमा देहायका विवरणहरु भर्नुहोस्:**

a. Submission Number लिन **प्रयोगकर्ताको नाम** र **पासवर्ड** प्रविष्टि गर्नुपर्दछ ।

b. Username र Password Case Sensitive हुन्छ। पहिले Save गरेका विवरण भविष्यमा खोल्नका लागि पनि Password चाहिन्छ। त्यसैले Submission लिँदा प्रयोग गरेको Password सुरक्षित गरेर राख्नुहोस्।

c. **पुन:पासवर्ड:** पहिला उल्लेख गरेको पासवर्ड ठिक छ कि छैन भनेर यकिन गर्नका लागि पुन:पासवर्ड (Password) भर्नुहोस् ।

d. स्थायी लेखा नम्बर भर्नुहोस्।

e. आर्थिक वर्ष भर्नुहोस्।

f. इमेल: इमेल (Email) टाइप गर्नुहोस्।


g. सम्पर्क नं: — सम्पर्क न. टाइप (Type) गर्नुहोस्।


h. तल भएको 'Register' बटन (Button) click गर्नुहोस् ।

**'Register'** बटन क्लिक गरेपछि तलको स्क्रिन डिस्प्ले हुन्छ।

सब्मिसन (Submission) नं, प्रयोगकर्ताको नाम र पासवर्ड सुरक्षित राख्नुहोस् । फारम प्रिन्ट (Print) गर्नका लागि र कर अधिकृतले विवरणहरु रुजु (Verify) गर्नका लागि सब्मिसन (Submission) नम्बर आवश्यक पर्दछ ।

**'Proceed'** बटन क्लिक गरे पछि तलको स्क्रिन देखापर्दछ । ।





आर्थिक वर्ष, सब्मिसन (Submission) नं, स्थायी लेखा नम्बर, नाम, ठेगाना आदि स्वत: डिस्प्ले (Display) हुन्छ ।

१. करदाताको किसिम छान्नुहोस :

- एकलौटी व्यवसायको हकमा **'एक्लो प्राकृतिक व्यक्ति'** वा **'दम्पती प्राकृतिक व्यक्ति'** मध्ये एक छान्नुपर्दछ ।





करदाताको प्रकार दम्पती प्राकृतिक ब्यक्तिको हकमा देहायको विवरण भर्नुहोस ।

a. दम्पति भए पति वा पत्नीको स्थायी लेखा. न. छ कि छैन उल्लेख गर्न "भएको" वा "नभएको" छान्नुहोस ।
b. पति वा पत्नीको स्थायी लेखा नं. भएमा उक्त स्थायी लेखा नं. उल्लेख गर्नुहोस ।
c. पति वा पत्नीको नामः पति वा पत्नीको नाम उल्लेख गर्नुहोस ।

- निकायको हकमा **'निकाय'** छान्नुपर्दछ ।

2. लेखापरीक्षकको स्थायी लेखा नम्बर प्रविष्टि गर्नुहोस् । निकायको हकमा र रु. १ करोड भन्दा बढी कारोवार भएका प्राकृतिक व्यक्तिको हकमा यो फिल्ड (Field) भर्न अनिवार्य छ ।
3. स्थायी लेखा नम्बर प्रविष्ट गरेपछि लेखापरीक्षकको नाम प्रणालीमा स्वत: आउने छ ।
4. लेखापरीक्षकको व्यावसायिक लेखा प्रमाण पत्र नम्बर भर्नुहोस् ।
5. लेखापरीक्षण मिति (Audited Date) (in BS) भर्नुहोस् ।

**'Register'** BUTTON क्लिक गर्नुहोस् । त्यसपछि तलको स्क्रिन डिस्प्ले हुन्छ ।




सब्मिसन (Submission) नं. सुरक्षित राख्नुहोस् । अनुसूचीहरु भर्न **'Enter Annex'** क्लिक गर्नुहोस् । त्यस पछि तलको स्क्रिन देखिन्छ।




**Entering Annex 5 ( अनुसूची ५):**

कुनै व्यापार व्यवसायको विवरण विस्तृत रुपमा व्याख्या गर्नका लागि अनुसूची ५ भर्नुपर्दछ । विस्तृत विवरणहरु भर्नका लागि '**Annex 5**' बटन क्लिक गर्नुहोस् । त्यसपछि तलको स्क्रिन देखापर्दछ ।

**Annex-5**

Print

# अनुसूची -५

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| आर्थिक वर्ष: | 2076.077 | आ.रा.का: | आन्तरिक राजस्व कार्यालय ललि |
| स्थायी लेखा नम्बर: | 613001852 | | |
| नाम: | राई लिम्बु किराना पसल | | |
| करको किसिम: | Select ... | | |
| करको दर: | | | |
| विदेशीस्रोत भए मुलुकको नाम: | NEPAL | | |

**Inclusion (IN)**

| | | |
|---|---|---|
| 1 | सेवा शुल्क दफा (७.२.क)<br>Services Fees | |
| 2 | व्यापारिक मौज्दातको निसर्गबाट प्राप्त रकम (दफा ७.२.ख)<br>Amounts derived from the Disposal of Trading Stock | |
| 3 | व्यावसायिक सम्पत्ति वा व्यावसायिक दायित्वको निसर्गबाट प्राप्त खुद लाभ (दफा ७.२.ग)<br>Net Gains from the Disposal of the Person's Business Assets or Liabilities | |
| 4 | ह्रास योग्य सम्पत्तिको निसर्गबाट प्राप्त गरेको मानिने रकम (दफा ७.२. घ)<br>Amounts treated as derived from the deprecible Assets | |
| 5 | व्यवसायका सम्बन्धमा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार (दफा ७.२.ङ)<br>Gifts received by the Person in Respect to the Business | |
| 6 | लगानीको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरे वापत प्राप्त गरेको रकम<br>Amounts derived as Consideration for accepting a Restriction on the capacity to conduct the Business | |
| 7 | व्यवसायसँग प्रत्यक्षरुपमा सम्बन्धित लगानीबाट प्राप्त गरेको रकम (दफा ७.२.छ)<br>Amounts derived frm Investments that are effectively connected with the Business | |
| 8 | लेखांकनको तरिकामा परिवर्तन गर्दा आय गणनामा समावेश गर्नु पर्ने रकम (दफा २२.छ)<br>Amounts to be included by Reason of Change in the Accounting System | |
| 9 | लेखाको तरिका अनुसार आयमा समावेश गर्नु पर्ने रकम (दफा २४.३)<br>Amounts to be included by Reason of Timing | |
| 10 | मुद्राको मूल्यांकनको फरकको कारणले गर्दा समेत वढी भुक्तानी पाएको रकम (दफा २४.४)<br>Excess Amount received by Reason of Exchange Rate | |
| 11 | डुबेको ऋण लगायतका रकमहरु मिन्हा भएको मध्ये असुल उपर भएको रकम (दफा २५.१)<br>Recovered Amount of bad Debts deducted earlier | |
| 12 | दीर्घकालीन करारको हकमा सम्पन्न प्रतिशत अनुसार समावेश हुने रकम (दफा २२.१)<br>Amounts to be included as per Contract of Completion Basis in the Case of a long term Contract | |
| 13 | प्रचलित ब्याज दरभन्दा कम दरमा ब्याज तिरेको भए कम भएजति रकम (२७.१)<br>Difference of actual Interest and Interest as per Market Rate in the Case of a long term Contract | |
| 14 | भुक्तानी पाउनु पर्ने रकम अन्य व्यक्तिले भुक्तानी पाएको भए सो रकम (दफा २९)<br>Amounts paid to third Person Instead of actual Payee | |
| 15 | क्षतिपूर्ति बापत प्राप्त गरेको रकम (दफा ३१)<br>Amounts derived as Compensation | |
| 16 | आयमा समावेश गर्नु पर्ने अन्य रकमहरु ( विवरण संलग्न गर्ने )<br>Other Amounts to be included in Profit and Gains | |
| 17 | जम्मा:(१ देखि १६)<br>Total:(1 to 16) | |

**Deduction (DE)**

| | | |
|---|---|---|
| 18 | दफा १४ बमोजिम कट्टी हुने ब्याज खर्च<br>Interest | |
| 19 | दफा १५ बमोजिम कट्टी हुने व्यापार मौज्दातको लागतको खर्च<br>Cost of Trading Stock | |
| 20 | दफा १६ बमोजिम कट्टी हुने मर्मत तथा सुधार खर्च<br>Repairs and Improvements | |
| 21 | दफा १७ बमोजिम कट्टी हुने प्रदूषण नियन्त्रण खर्च<br>Pollution Control | |
| 22 | दफा १८ बमोजिम कट्टी हुने अनुसन्धान र विकास खर्च<br>Research and Development | |
| 23 | दफा १९ बमोजिम कट्टी हुने ह्रास कट्टी खर्च<br>Depreciatoon | |
| 24 | दफा ५९(१) बमोजिम कट्टी हुने जगेडा रकम<br>Deductible Reserve | |
| 25 | उपरोक्त वाहेक आयकर ऐन २०५८ वमोजिम कट्टी हुने अन्य खर्चहरु (विवरण संलग्न गर्ने)<br>Others than mentioned | |
| 26 | विदेशमा तिरेको कर (दफा ७१.४)<br>Foreign Tax Expenses ( Section 71.4) | |
| 27 | जम्मा:(१८ देखि २६)<br>Total:(18 to 26) | |

**Deductible Loss (DL)**

| | | |
|---|---|---|
| 28 | यस आ.ब.को अन्य व्यवसायको नोक्सानी (दफा २०.१)<br>Losses transferred from other Business in this Year | |
| 29 | गत आ.ब. बाट जिम्मेवारी सरेको व्यवसायको नोक्सानी (दफा २०.१ ख)<br>Carried forward of unrelieved Losses from previous Years | |
| 30 | जम्मा:(२८ देखि २९)<br>Total:(28to29) | |
| 31 | जम्मा कट्टी (२७+३०):<br>Total Deduction (27+30): | |
| 32 | व्यवसायको आय र नोक्सानी (१७-३१):<br>Business Income and Loss (17-31): | |

**Miscellaneous Inclusion (MI)**

| | | |
|---|---|---|
| 33 | अन्य व्यवसायको आयमा कट्टी गरेको नोक्सानी (हरफ ३२ मा नोक्सानी भए मात्र)<br>LOSS TRANSFERRED TO OTHER BUSINESSES | |
| 34 | जम्मा (३२+३३):<br>Total (32+33): | |

**Discount (DIS)**


| | | |
|---|---|---|
| 35 | छुट हुनु पर्ने कारण : | Select ... |
| 36 | छुट प्रतिशत | |

Save

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

यस स्क्रिनमा मागिएको डाटा (Data) भर्नुहोस् ।

1. **Tax Category** (करको किसिम) : लिस्ट (**list**) बाट कुन प्रकारको व्यवसाय हो छान्नुहोस् ।




- बैंक, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूर सञ्चार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), पूजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैकिङ्ग व्यवसाय, कमोडिटी मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसाय, चुरोट, बिडी, श्रृंगार, खानेसुर्ति, खैनी,गुठ्खा,पानमसला, मदिरा, बियरको कारोबार गर्ने वा पेट्रोलियम कार्य गर्ने निकाय

2. करको किसिमको आधारमा करको दर स्वत: देखिनेछ ।

3. विदेशी स्रोत भए मुलुकको नामः कुन मुलुकको आयश्रोत हो छान्नुहोस् ।

4. **Inclusion** (समावेस): आयश्रोतमा समावेस गर्नु पर्ने आय रकमहरु **Inclusion Section** मा भर्नुहोस् ।

5. **Deduction** (खर्च कट्टी): ब्याज खर्च, व्यापार मौज्दातको लागत खर्च, मर्मत खर्च, ह्रासखर्च आदि (दफा १३ देखि २१ सम्मका) आयकर गणनामा खर्च कट्टी हुने रकमहरु भर्नुहोस ।

6. **Deductible Loss:** यस आ. ब. को अन्य व्यवसायको नोक्सानी र गत आ. ब. को जिम्मेवारी सरेको व्यवसायको नोक्सानी भएमा उल्लेख गर्नुहोस ।

7. **Miscellaneous Inclusion: अन्य व्यवसायको आयमा कट्टी गरेको नोक्सानी उल्लेख गर्नुहोस।**

8. **Discount:** छुट हुनुपर्ने कारणहरु उल्लेख गर्नुहोस ।

**Entering Annex 6 (अनुसूची ६):**

Annex-6

Print

अनुसूची - ६

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| आर्थिक वर्ष: | 2076.077 | आ.रा.का: | आन्तरिक राजस्व कार्यलय ललि |
| स्थायी लेखा नम्बर: | 613001852 | | |
| नाम: | राई लिम्बु किराना पसल | | |

**Inclusion (IN)**

| | | |
|---|---|---|
| 1 | ज्याला, तलव (दफा ङ.छ.क)<br>Salary and Wages | |
| 2 | विदा वापतको रकम (दफा ८.२.क)<br>Leave Pay | |
| 3 | अतिरिक्त समय काम गरे वापतको रकम (दफा ८.२.क)<br>Over Time Payment | |
| 4 | शुल्क (दफा ८.२.क)<br>Fees | |
| 5 | रोजगारी संग सम्वन्धित उपहार/पुरस्कार (दफा ८.२.क)<br>Prizes, Gifts | |
| 6 | वोनस (दफ ८.२.क)<br>Bonuses | |
| 7 | अन्य सुविधाहरु वापतको रकम (दफा ८.२.क)<br>Payment for other Facilitations | |
| 8 | कमिशन (दफा ८.२.क)<br>Commissions | |
| 9 | महङी भत्ता (दफा ८.२.ख)<br>Dearness Allowances | |
| 10 | जीवन निर्वाह खर्च (दफा ८.२.ख)<br>Cost of Living Allowances | |
| 11 | भाडा (दफा ८.२.ख)<br>Rent Allowances | |
| 12 | मनोरन्जन वा यातायात भत्ता बापतको रकम (दफा ८.२.ख)<br>Entertainment and Transportation Allowances | |
| 13 | अन्य व्यक्तिगत भत्ता (दफा ८.२.ख)<br>Other personal Allowances | |
| 14 | व्यक्तिगत खर्चको फछ्यौट वा सोधभर्ना (दफा ८.२.ग)<br>Discharge or Reimbursements of personal Costs | |
| 15 | रोजगारीका कुनै शर्तमा सहमति जनाए विपतको भुक्तानी (दफा ८.२.घ)<br>Payment to the Agreement to any Conditions of the Employment (Section 8.2.d) | |
| 16 | रोजगारीको अन्त्य, नोक्सानी वा अनिवार्य अबकाश वापतको भुक्तानी (दफा ८.२.ङ)<br>Payment for Redundancy or Loss or Termination of the Employment (Section 8.2.e) | |
| 17 | अवकाश भुक्तानी र रोजगारदाताले अवकाश कोषमा जम्मा गरी दिएको अवकाश योगदान ९दफा ८.२.च)<br>Retirement Contributions and Retirement Payments (Section 8.2.f) | |
| 18 | रोजगारीको सम्वन्धमा गरिएको अन्य भुक्तानी(दफा ८.२.छ)<br>Other Payments made in Respect of the Employment (Section 8.2.g) | |
| 19 | सवारी साधन सुविधा वापतको रकम (दफा २७.१.ख.१)<br>Fringe Benefit for Vehicle Facility (Section 27.1.b.1) | |
| 20 | भवन सुविधा वापतको रकम (दफा २७.१.ख.१)<br>Fringe Benefit for House Facility (Section 27.1.b.2) | |
| 21 | घरको रेखदेखकर्ता, भान्छे, सवारी चालक, माली वा अन्य घरेलु सहायकको सेवा वापतको रकम (दफा २७.१.ग.१)<br>Fringe Benefit for Housekeeper, Chauffeur, Gardener, or other domestic Assistant (Section 27.1.c.1) | |
| 22 | खाना,जलपान वा मनोरन्जन वापत प्राप्त रकम (दफा २७.१.ग.२)<br>Fringe Benefit for any Meal, Refreshment, or Entertainment (Section 27.1.c.2) | |
| 23 | निवासस्थानमा जडान भएको धारा, बिजुली टेलिफोन जस्ता सेवा वापत रोजगारदाताले तिरेको रकम(दफा २७.१.ग.३)<br>Fringe Benefit for Drinking Water, Electricity, Telephone, and similar Utilities (Section 27.1.c.3) | |
| 24 | रोजगारदातालाई प्रचलित व्याज दरभन्दा कम दरमा व्याज तिरेको भए सो कम भएजति रकम (२७.१.३)<br>Difference of actual Interest and Interest as per Market Rate in Case of a Soft Loan (Section 25.1.d) | |
| 25 | पारीश्रमिकमा समावेश गर्नु पर्ने अन्य रकमहरु (विवरण संलग्न गर्ने)<br>Other Amounts to be included in remuneration (as per attached List) | |
| 26 | निवृतिभरण वापतको आय<br>Pension | |
| 27 | जम्मा:(१ देखि २६)<br>Total:(1 to 26) | |

Save

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

यो फारम पारिश्रमिक (Remuneration) आय भएको विवरणको विस्तृत रुपमा व्याख्या गर्नका लागि भरिन्छ । विस्तृत विवरणहरु भर्नका लागि **'Annex 6'** बटन क्लिक गर्नुहोस्। **Inclusion** (समावेस) :आयश्रोतमा समावेस गरिनुपर्ने रकमहरु **inclusion section** मा भर्नुहोस् र **'Save'** बटन क्लिक गरी डाटा सेभ **(Save)** गर्नुहोस्।

**Entering Annex7 (अनुसूची ७):**

Annex-7

Print

अनुसूची - ७

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| आर्थिक वर्ष: | 2076.077 | आ.रा.का: | आन्तरिक राजस्व कार्यालय ललि |
| स्थायी लेखा नम्बर: | 613001852 | | |
| नाम: | राई लिम्बु किराना पसल | | |

**Inclusion (IN)**

| | | |
|---|---|---|
| 1 | लाभांश (अन्तिम रुपमा कर कट्टी नभएको मात्र)दफा ९(२)क<br>Dividends (Section 9.2.a) | |
| 2 | लगानी विमाभाट प्राप्त लाभ अन्तिम रुपमा कर कट्टी नभएको मात्र दफा ९(२)क<br>Gain from Investment Insurance other than final Withholding (Section 9.2.a) | |
| 3 | व्याज (अन्तिम रुपमा कर कट्टी नभएको मात्र)दफा ९(२)क<br>Interests other than final Withholding (Section 9.2.a) | |
| 4 | भाडा (अन्तिम रुपमा कर कट्टी नभएको मात्र)दफा ९(२)क<br>Rent other than final Withholding (Section 9.2.a) | |
| 5 | प्राकृतिक स्रोत वापतको भुक्तानी दफा ९(२)क<br>Payment for natural Resources other than final Withholding (Section 9.2.a) | |
| 6 | रोयल्टी दफा ९(२)क<br>Royalties (Section 9.2.a) | |
| 7 | स्वीकृत प्राप्त नगरेको अवकाश कोषको हितबाट प्राप्त लाभ अन्तिम रुपमा कर कट्टी नभएमा दफा ९(२)क<br>Unapproved Retirement Fund other than Withholding (Section 9.2.a) | |
| 8 | ह्रासयोग्य सम्पत्तिको निसर्गबाट प्राप्त लाभ दफा ९(२)ग<br>Disposal of depreciable Assets (Section 9.2.c) | |
| 9 | लगानीका सम्बन्धमा प्राप्त गरेको उपहार दफा ९(२)घ<br>Gifts received by the Person in Respect of Investment (Section 9.2.d) | |
| 10 | अवकास भुक्तानी र सो व्यक्तिको लागि अवकास कोषमा जम्मा गरिएको रकम समेतको अवकाश योगदान दफा ९(२)ङ<br>Retirement Payment along with Payments Retirement Contributions made on behalf (Section 9.2.e) | |
| 11 | लगानीको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरे बापत प्राप्त गरेको रकम दफा ९(२)च<br>Amounts derived as Consideration for accepting a Restriction of Investment (Section 9.2.f) | |
| 12 | लेखांकनको तरिकामा परिवर्तन गर्दा आय गणनामा समावेश गर्नु पर्ने रकम दफा २२(६)<br>Amounts to be included by Reason of Timing (Section 24.3) | |
| 13 | मुद्राको मूल्यांकनको फरकको कारणले गर्दा समेत वढी भुक्तानी पाएको रकम दफा २४(४)<br>Excess Amount received by reason of Exchange Rate (Section 24.4) | |
| 14 | डुबेको ऋण लगायतका रकमहरु मिन्हा भएको मध्ये असुल उपर भएको रकम दफा २५(१)<br>Recovered Amount of bad Debts deducted earlier (Section 25.1) | |
| 15 | प्रचलित ब्याज दरभन्दा कम दरमा व्याज तिरेको भए कम भएजति रकम (२७.१.३)<br>Difference of actual Interest and Interest as per Market Rate in Case of a Soft Loan (Section 25.1.d) | |
| 16 | भुक्तानी पाउनु पर्ने रकम अर्को व्यक्तिले भुक्तानी पाएमा सो रकम दफा २९<br>Amounts paid to third Person instead of actual Payee (Section 29) | |
| 17 | संयुक्त स्वामित्वमा रहेको लगानीबाट प्राप्त गरेको रकम दफा ३०<br>Amounts derived from joint Ownership Investment (Section 30) | |
| 18 | क्षतिपूर्ति बापत प्राप्त गरेको रकम दफा ३१<br>Amounts derived as Compensation (Section 31) | |
| 19 | मुनाफा तथा लाभमा समावेश गर्नु पर्ने अन्य रकमहरु विवरण संलग्न<br>Other Amounts to be included in Profit and Gains (details attached) | |
| 20 | जम्मा:(१ देखि १९)<br>Total:(1 to 19) | |

**Deduction (DE)**

| | | |
|---|---|---|
| 21 | दफा १४ बमोजिम कट्टी हुने व्याज खर्च<br>Interest (Section 14) | |
| 22 | दफा १६ बमोजिम कट्टी हुने मर्मत तथा सुधार खर्च<br>Repairs and Improvements (Section 16) | |
| 23 | दफा १९ बमोजिम कट्टी हुने ह्रास खर्च<br>Depreciation (Section 19) | |
| 24 | उपरोक्त वाहेक आयकर ऐन २०५८ बमोजिम कट्टी हुने अन्य खर्चहरु विवरण संलग्न गर्ने<br>Others than mentioned in Lines 18 to 20 | |
| 25 | जम्मा:(२१ देखि २४)<br>Total:(1 to 24) | |

**Deductible Loss (DL)**

| | | |
|---|---|---|
| 26 | यस आ.ब.को व्यवसाय वा अन्य लगानीको नोक्सानी<br>Losses transferred from other Businesses and/or Investments in this Year | |
| 27 | गत आ.ब. बाट जिम्मेवारी सरेको व्यवसायको नोक्सानी<br>Carried forward of unrelieved Business Losses from previous Years | |
| 28 | जम्मा:(२६ देखि २७)<br>Total:(26 to 27) | |
| 29 | जम्मा कट्टी:(२५ + २८)<br>Total:(25 + 28) | |
| 30 | व्यवसायको आय र नोक्सानी :(२० - २९)<br>Gain or Loss :(20 - 29) | |

**Miscellaneous Inclusion(MI)**

| | | |
|---|---|---|
| 31 | अन्य लगानीको आयमा कट्टी गरेको नोक्सानी (हरफ ३१ मा नोक्सानी भए मात्र )<br>LOSS TRANSFERRED TO OTHER INVESTMENT INCOMES (only if row 30 is less than 0) | |
| 32 | जम्मा:(३० + ३१)<br>Total:(30 + 31) | |

Save

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

अनुसूची ७ लगानी गरे वापत प्राप्त भएको आयको (Income From Investment) विस्तृत विवरण व्याख्या गर्नका लागि भरिन्छ । विस्तृत विवरणहरु भर्नका लागि **'Annex 7'** बटन क्लिक गर्नुहोस्।

**Inclusion** (समावेश): आयश्रोतमा समावेश गरिनु पर्ने रकमहरु **inclusion section** मा भर्नुहोस्।

**Deduction** (कट्टी): कट्टी रकम भर्नुहोस् ।

**Deductible Loss:** छुट रकम भर्नुहोस् ।


अरु भागहरु जस्तै विविध (**miscellaneous**) भर्नुहोस् ।

**'Save'** बटन क्लिक गरी भरेको डाटा **Save** गर्नुहोस् ।

**Entering Annex 8 (अनुसूची ८):**

यो फारम **गैर ब्यवसायिक सम्पत्तिको निसर्ग** (**disposal of non-business asset**) बाट प्राप्त भएको आयश्रोतको विस्तृत विवरणहरु भर्नका लागि प्रयोग गरिन्छ ।यसमा मुख्यत: घर/जग्गा र शेयरबाट भएको कारोबार समावेश गर्नुपर्दछ ।

**'Annex 8'** बटन क्लिक गरी विवरणहरु भर्नुहोस् । त्यसपछि तलको स्क्रिन देखापर्दछ ।


Annex-8

Print

अनुसूची - ८

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

| | |
|---|---|
| आर्थिक वर्ष: | 2076.077 |
| आ.रा.का: | आन्तरिक राजस्व कार्यालय ललि |
| स्थायी लेखा नम्बर: | 613001852 |
| नाम: | राई लिम्बु किराना पसल |
| करको किसिम: | घर / जग्गाको निसर्गबाट भएको जम्मा आम्दानी (पाँच वर्ष देखि दश वर्षसम्म) |
| करको दर: | 2.5 |

**IBA**

| | | |
|---|---|---|
| 1 | आर्थिक वर्षमा जग्गाको निसर्गबाट भएको जम्मा आम्दानी<br>Total Income from Disposal of Building or Land current fiscal year | |
| 2 | निसर्ग भएको घरजग्गाको खरीद मूल्य<br>Total Purchased Amount of disposed Building or Land | |
| 3 | घरजग्गाको निसर्गबाट भएको लाभ वा नोक्सानी (१ - २) | |

**Deductible Loss (DL)**


| | | |
|---|---|---|
| 4 | यस आ.ब.को अन्य व्यवसाय वा र र लगानीको नोक्सानी<br>Losses transferred from other Businesses and/or Investments in this Year | |
| 5 | गत वर्षबाट जिम्मेवारी सरेको नोक्सानी<br>Carried forward of unrelieved Investments from previous Years | |
| 6 | जम्मा : ( ४ देखि ५)<br>Total:( 4 to 5) | |
| 7 | खुद लाभ / नोक्सानी : ( ३ - ६ ) | |

Save

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

करको किसिम (**Tax Category**)- व्यवसायको प्रकार छान्नुहोश । करको प्रकार अनुसार करको दर देखिनेछ । उदाहरणको लागि करको किसिम "घर / जग्गाको निसर्गबाट

भएको जम्मा आम्दानी (पाँच वर्ष देखि दश वर्षसम्म)" छनौट गर्दा सो अनुसार करको दर २.५ प्रतिशत आउछ । उक्त छ वटा प्रकार मध्ये उपयुक्त प्रकार छनौट गर्नुहोस ।




**Deductible Loss:** घटाउन मिल्ने घाटा रकम भर्नुहोस । अर्को फिल्ड(Field) मा जान **'TAB'** थिच्नुहोस।


एक भन्दा वढि प्रकारको लगानीबाट भएको आम्दानी भएमा अनुसूची ८ सँगै रहेको '+' बटनमा क्लिक गरी भर्नुहोला।

## Entering Annex 1 (अनुसूची १)

**<u>ध्यान दिनुपर्ने विषय :</u>** करदाताको किसिममा प्राकृतिक व्यक्ति छनौट गरेमा अनुसूची १ Display हुन्छ । निकाय छनौट गरेमा अनुसूची २ Display हुन्छ ।

यो फारम व्यक्तिगत आय गणनाका लागि प्रयोग गरिन्छ । स्थायी लेखा नम्बर अनुसार प्रणाली **(System)** मा करदाताको प्रकार (व्यक्ति वा निकाय) प्रवृष्ट भएको आधारमा अनुसूची १ वा अनुसूची २ देखापर्दछ।

अनुसूची १ मा विस्तृत विवरणहरु भर्नका लागि 'Annex 1' क्लिक (Click) गर्नुहोस् । अनुसूची १ अनुसूची ५, ६, ७ वा ८ भरेपछि मात्रै देखिन्छ । त्यसपछि तलको स्क्रिन देखापर्दछ । ।




अनुसूची १ का फिल्डहरु अनुसूची ५,६,७,८ अनुसार आंसिक रुपमा आफैं भरिन्छ ।


भर्नु पर्ने फिल्डहरु जस्तै निवृतिभरण (Retirement Fund), अनुदान रकम (Donation), बीमा रकम (Insurance), छुट रकम (Deductible Amount) आदि भर्नुहोस्।

'Save' बटन क्लिक गरी भरेको डाटा सेभ गर्नुहोस् ।

## Entering Annex 2 (अनुसूची २)

यो फारम निकायका लागि भरिन्छ ।स्थायी लेखा नम्बर भरेपछि प्रणाली (System) मा करदाताको प्रकार (व्यक्ति वा निकाय) प्रवृष्ट भएको आधारमा निकायको लागि अनुसूची २ डिस्प्ले हुन्छ । अनुसूची २ को विस्तृत विवरणहरु भर्नका लागि 'Annex 2' क्लिक गर्नुहोस् ।अनुसूची ५,७ वा ८ भरेपछि मात्रै अनुसूची २ देखिन्छ । अनुसूची ६ रोजगारी (Renumeration) का लागि भएकाले अनुसूची २ मा देखिदैन । त्यसपछि तलको स्क्रिन देखापर्दछ ।
जरुरी फिल्ड (Field) हरु भरिसके पछि **'save annex 2'** बटन क्लिक गर्नुहोस् । त्यसपछि तलको स्क्रिन देखापर्दछ । ।

'Save' बटन क्लिक गरी भरेको डाटा सेभ गर्नुहोस् ।





'Save' बटन क्लिक गरी भरेको डाटा सेभ गर्नुहोस् ।


**Entering Annex 10** (अनुसूची १०)

यो फारम कर मिलान दावीको प्रकारहरु जस्तै किस्ता (installment payments), कर भुक्तानी (final tax payments) , स्रोतमा कर कट्टी (TDS) , सवारी साधन कर (Vehicle Tax) र भंसारमा अग्रिम रुपमा कर असुली गरेको रकम (TCS) भर्न प्रयोग गरिन्छ । अनुसूची १० को विस्तृत विवरणहरु भर्नका लागि 'Annex 10' बटन क्लिक गर्नुहोस् । कर दाखिला RAS प्रणाली (System) बाट भए तापनि सबै कर दावीहरु अनुसूची १० बाट हुनु जरुरी छ ।

त्यसपछि तलको स्क्रिन देखापर्दछ ।




कर दावीको किसिम: तल देखाएको लिस्ट (list) वाट कर दावीको किसिम (क्रेडिट (credit) को किसिम) छान्नु होस।




कर दावीको किसिमहरु:

१. Credit Claim: सोही आर्थिक वर्षमा दाखिला गरेको किस्ताबन्दी कर लगायतका कर रकम

२. Transport Claim: सोही आर्थिक वर्षमा सवारी साधन कर दाखिला गरेको रकम

३. Customs Claim: सोही आर्थिक वर्षमा भन्सार विन्दुमा कट्टी भएको अग्रिम आयकर

४. TDS: सोही आर्थिक वर्षमा निजको नाममा अग्रिम कर कट्टी भएको रकम

५. Transfer of Credit: अघिल्लो आर्थिक वर्षको मिलान गर्न बाँकी रकम

कर दावीको किसिम अनुसार भिन्न भिन्न चाहिने फिल्ड (Field) हरु देखिन्छ।

- राजस्व खाता नंवर(Revenue Account No.), दाखीलाको तरिका, दाखीला निस्सा नम्बर, बैंकको नाम, दाखीला मिति, दाखीला रकम आदि भर्नुहोस् र Add बटनमा क्लिक गरी क्रमशः थप गर्दै जानुहोस ।
- कुनै विवरण संसोधन गर्नुपरेमा Edit () icon र हटाउनु परेमा Delete () icon क्लिक गर्न सक्नुहुनेछ ।

सबै विवरणहरु भरिसकेपछि 'Save' बटन क्लिक गरी विवरण सुरक्षित गर्नुहोस ।

### औषधोपचार कर मिलान दाबी (अनुसूची ११)

यो फारम औषधोपचार कर मिलान दाबीसँग सम्बन्धित छ । अनुसूची ११ को विस्तृत विवरणहरु भर्नका लागि **'Annex ११'** बटन (Button) click गर्नुहोस् । त्यसपछि तलको स्क्रिन देखापर्दछ । ।




**'Add New'** बटन(Button)क्लिक गरी निम्न विवरण भर्नुहोस ।

- सेवा लिएको मिति, स्वास्थ सेवा दिनेको नाम, स्वास्थ सेवाको किसिम र औषधोपचार खर्च भर्नु होस र 'Update' क्लिक(Click) गर्नु होस।
- अरू खर्चहरु थप्न **'Add New'** बटन(Button) क्लिक(Click) गर्दै थप्नु होस।
- **'Save'** बटन(Button) क्लिक(Click) गरी भरिएको विवरण सुरक्षित गर्नुहोस ।

**Entering Annex 12** (अनुसूची १२)




यो फारम विदेशमा तिरेको कर मिलान दावीसँग सम्बन्धित छ । अनुसूची १२ को विस्तृत विवरणहरु भर्नका लागि **Annex 12** बटन क्लिक गर्नुहोस् । त्यसपछि तलको स्क्रिन देखापर्दछ । ।

**'Add New'** बटन क्लिक गर्नुहोस् र आयस्रोतको मुलुक, गत आयवर्षसम्मको मिलान गर्न बाँकी विदेशमा तिरेको कर, यस आयवर्षमा विदेशमा तिरेको कर र यस आयवर्षमा तिरेको कर दावी फिल्ड (Field) हरु भर्नुहोस् र 'Update' बटन थिचेर सेभ गर्नुहोस्।

अरु डाटा (Data) भर्न **'Add New'** बटन क्लिक गर्नुहोस् । **'Save'** बटन क्लिक गरी भरेको डाटा (Data) सेभ गर्नुहोस् ।

**Entering Annex 13 (अनुसूची १३)**

वासलातको केही तथ्यहरु र रु १ लाख भन्दा बढीको खरिद / बिक्रीको विवरण दिन अनुसूची १३ प्रयोग गरिएको छ। अनुसुची १३ दुई भागमा छ। पहिलो भागमा वासलातको केही विवरण भर्नु पर्छ र दोस्रो भागमा रु १ लाख भन्दा बढीको खरिद / बिक्रीको विवरण भर्नु पर्छ।


Annex-13

Print

अनुसूची - १३

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

| | |
|---|---|
| सब्मिशन नं.: | 710001054252 |
| आर्थिक वर्ष: | 2070.071 |
| स्थायी लेखा नम्बर: | 302178669 |

वित्तिय विवरण प्रविस्ट गर्नुहोस्।

| सुची | रकम वा प्रतिसत |
|---|---|
| क'ल आय/नोक्सानी यस आ.व. Gross Profit / Loss This Year | |
| क'ल आय/नोक्सानी गत आ.व. Gross Profit / Loss Last Year | |
| बिक्री यस आ.व. Sales This Year | |
| बिक्री गत आ.व. Sales Last Year | |
| चाल' दायित्व यस आ.व. Current Liabilities This Year | |
| चाल' दायित्व गत आ.व. Current Liabilities Last Year | |

Save Transaction

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

मागेको वित्तीय **विवरण**हरु भर्नु होस् ।

यदि करदाताले अरु करदातासँग रु. १००,००० भन्दा बढीको आर्थिक कारोबार छ भने हामीले यसको विस्तृत विवरणहरु भर्नु पर्ने हुन्छ । ती स्थायी लेखा नम्वर , व्यवसायको नाम , वर्षको शुरुको लिन बाकी (दिन बाकी) रकम, पुजिगत सेवा खरिद, अन्य सेवा खरिद, पुजीगत सामान खरिद, अन्य समान खरिद, यो वर्ष को सेवा बिक्री, यो वर्षको समान बिक्री, वर्षको अन्तमा लिन बाकी (दिन बाकी) रकम भरेर 'Update' बटन (Button) थिचेर कारोबार विवरण भर्दै जानु पर्दछ। यो विवरण Excel बाट पनि

upload गर्न सक्दछौं तर यो प्रणाली (System) मा परिभाषित ढाँचामा हुनु पर्दछ । एक्सेल फर्म्याट डाउनलोड गर्न **'view sample'** बटन क्लिक गरि Excel upload/ download गर्न सकिन्छ । त्यसपछि **'Save'** बटन क्लिक गरेर डाटा (Data) सेभ (Save) गर्न सकिन्छ ।

### आय विवरण सब्मिट गर्ने (Submitting the Return)

कर विवरण submit गर्न Annex List पेजमा जानुहोस् र **'Finalize submit'** बटन क्लिक गर्नुहोस् । एक पटक कर विवरण सब्मिट गरिसकेपछि कर विवरण परिवर्तन गर्न पाइने छैन ।

### आय विवरण प्रिन्ट गर्ने (Print Return)

**आय** विवरण प्रिन्ट गर्न पहिलो पेजमा जानुहोस र **'Print'** बटन क्लिक गर्नुहोस् ।

## 2.0 आय विवरण रुजु गर्ने

करदाताहले युजरनेम र पासवर्ड सम्बन्धित कर कार्यालयबाट प्राप्त गरेको अवस्थामा स्वयमले आफ्नो **आय विवरण** रुजु गर्न सक्नेछन । युजरनेम र पासवर्ड प्राप्त नगरेको अवस्थामा करदाताहरुले **आय विवरण प्रिन्ट** (Print) गरी कर अधिकृतलाई रुजु (Verification) का लागि बुझाउनु पर्दछ। रुजु गर्ने अधिकृतले करदाताले बुझाएको **आय विवरण**लाई ठिक छ भने रुजु गर्नु पर्दछ।

**Revision History:**

| Revision | Date (DD/MM/YY) | Description of Changes | Requested By |
|---|---|---|---|
| | | | |